नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् समन्वय शाखा)
पत्र संख्या : वा.त.वि.स.शा./०८२/०८३
इमेलः cdms.mofaga@gmail.com
चलानी नं. : ९५२
सिंहदरबार, काठमाडौं।

विक्रम संवत्: २०८३/०२/१९
नेपाल संवत्: ११४६ अनालागा

<u>विषयः मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ कार्यान्वयन सम्बन्धमा</u>

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका (सबै)।
श्री गाउँपालिका (सबै)।।

उपर्युक्त सम्बन्धमा, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको ३४ औ बैठकबाट स्वीकृत मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ को छायाँ प्रति यसैसाथ संलग्न छ। यस वर्षको मनसुनमा सरदरभन्दा कम वर्षा हुने सम्भावना भएता पनि सरदर तापक्रम वृद्धि हुनसक्ने आंकलनले देशको दक्षिणी भू-भागमा सर्वसाधारण अत्याधिक गर्मी वा तातो हावाको लहर (लु) बाट प्रभावित हुने र उत्तरी भेगमा हिमताल विस्फोटन भई तल्लो तटीय क्षेत्रमा मनसुनजन्य विपद्को जोखिम अधिक हुने प्रक्षेपण भएकोले मनसुनजन्य विपद् न्यूनीकरणका लागि उल्लिखित कार्ययोजनामा तहाँ स्थानीय तहको जिम्मेवारी भित्र पर्ने तपसिल बमोजिमका मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यहरु कार्यान्वयन गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ।

<u>तपसिलः</u>

क. पालिकास्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागू गर्ने र सोको जानकारी यस मन्त्रालयलाई गुगल फर्म https://forms.gle/JCURmbYQzPvNQTCK7 मार्फत गराउने।

ख. विपद्को समयमा तत्काल प्रयोग गर्न सकिने खुला क्षेत्र, सुरक्षित आश्रयस्थल, हेलिप्याड, गोदामघर, दमकल लगायतका विवरण विपद् पोर्टलमा अद्यावधिक गर्ने।

ग. स्थानीय समुदायलाई मनसुनजन्य विपद् प्रति जागरुक बनाउन तथा जनचेतना अभिवृद्धि गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

घ. मनसुन विपद्को अवधिमा आवश्यक पर्ने आपत्कालिन सम्पर्क नम्बरहरुसहितको सूचना पाटी स्थानीय तहको कार्यालय, वडा कार्यालय, विद्यालय लगायतका सार्वजनिक स्थलमा राख्ने।

ङ. स्थानीय तहभित्रका विपद् जोखिम हिसाबले संवेदनशील सडकमार्ग समयमै पहिचान गरी जोखिम न्यूनीकरण गर्न समन्वय गर्ने।

च. मनसुन विपद्को अवधिमा आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामग्रीहरूको व्यवस्थापन गर्ने। प्रतिकार्यको लागि नगर प्रहरीलाई आवश्यक साधन स्रोतसहित तयारी अवस्थामा राखे। पालिकामा रहेका स्वयंसेवकहरू परिचालन गर्ने।

छ. पूर्वतयारी तथा प्रतिकार्यको लागि सरकारी, गैर सरकारी, निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघसंस्था, स्थानीय समुदाय तथा स्वयंसेवकहरूसँग सहकार्य र समन्वय गर्ने।

ज. मनसुन अगावै सहर बस्तिका ढल सफा गर्ने, खोला नालामा अत्यधिक थुप्रिएका गेग्रान हटाउने तथा पानीका निकासहरू खोल्ने कार्यहरू गर्ने।

झ. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको लागि पालिकास्तरमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी प्रभावकारी सञ्चालन गर्ने।

ञ. मनसुन पूर्वसूचना प्रणालीको विकास गर्ने।

ट. विपदको समयमा बजारमा हुने कृत्रिम अभाव, कालोबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने।

(मोहन कुमार घिमिरे)
उपसचिव

बोधार्थः
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौं।

# मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना

कृपया विवरणहरु देवनगरी लिपीमा प्रविष्ट गरिदिनुहोला।

* Indicates required question

1. प्रदेश * Dropdown

*Mark only one oval.*

- कोशी
- मधेश
- बागमती
- गण्डकी
- लुम्बिनी
- कर्णाली
- सुदुरपश्चिम

2. स्थानीय तहको प्रकार * Dropdown

*Mark only one oval.*

- महानगरपालिका
- उपमहानगरपालिका
- नगरपालिका
- गाँउपालिका

3. जिल्ला *

_______________

4. स्थानीय तहको नाम *

_______________

5. स्थानीय तहको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा भएको वा नभएको? *

*Mark only one oval.*

- भएको
- नभएको

6. स्थानीय तहको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा भएको भए कार्यान्वयन भए नभएको? *

*Mark only one oval.*

- कार्यान्वयन भएको
- कार्यान्वयन नभएको

7. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र सक्रिय रहेको नरहको? *

*Mark only one oval.*

- रहेको
- नरहेको

8. स्थानीय मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी प्रभावकारी सञ्चालन गरे/नगरेको? *

*Mark only one oval.*

- गरेको
- नगरेको

9. विपद् सम्पर्क व्यक्तिको नाम *

______________________________

10. विपद् सम्पर्क व्यक्तिको सम्पर्क नं. *

______________________________

This content is neither created nor endorsed by Google.